(आ.व. २०८२।८३ को तेस्रो बैठक)

**फलेवास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, पर्वत**

२०८२/०७/२६ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

*निर्णयहरु:*

१ अघिल्ला कार्यपालिका बैठकहरुमा भएका निर्णय कार्यान्वयन तथा कार्यप्रगतिका बारेमा समिक्षा भयो ।

२ माटेदेवल जनसहयोगी माध्यमिक विद्यालय (प्रा.व्या.) को लागि विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम भारतिय भू.पु. शैनिक अभिभावकका बालबालिका लगायत अन्य विद्यार्थीहरुको पठनपाठनमा सहजता ल्याउन यातायात सुविधाको लागि आवश्यक एकवटा स्कुल बस माग गर्न भारतीय राजदुतावासमा सिफारिस गर्न माग भएकोले उल्लिखित विद्यालयका लागि भारतीय राजदुतावासमा स्कुल बस माग गर्न स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस सहित अनुरोध गर्ने ।

३ आर्थिक वर्ष २०८१।०८२ मा यस नगरपालिका र सडक बोर्ड नेपाल विच लागत साझेदारीमा ठेक्का सञ्चालन भएको यस नगरपालिका वडा नं. २ थापाठाना अन्तर्गतको चमच्चा चोक मिहेलपोखरी वडा कार्यालय सडक मर्मत कार्यको आर्थिक वर्ष २०८१।०८२ मा कार्यसम्पन्न भएको तर साझेदारी बमोजिम सडक बोर्डबाट निकासा आर्थिक वर्ष २०८२।०८३ मा मात्र प्राप्त भएकोले सम्बन्धित निर्माण व्यवसायी 'आविस्कार पिएस कन्स्ट्रक्सन कम्पनी प्रा.लि.' को ०८२।०८३ को VAT बील स्वीकार गरी भुक्तानी दिने ।

४ यस नगरपालिकाको निर्माणाधिन प्रमुख प्रशासकीय भवन निर्माण कार्य यस नगरपालिका र कालिगण्डकी प्रदिप जुम्ली जे.भि. संग मिति २०७८।०५।३१ गते निर्माण सम्झौता भई निर्माणकार्य अघि बढेकोमा खरिद सम्झौतामा समावेश केहि प्रमुख कार्यहरु (जस्तै: विद्युतीय सामाग्रि जडान कार्य, झ्याल तथा ढोका सम्बन्धि कार्य, अन्य (Civil Item) थपघट हुने तथा झ्यालमा ग्रिल राख्ने, नालीमा जाली थप गर्ने, च्यानल गेट राख्ने लगायतका कार्यहरु पुर्ण रुपमा थप गरी शुरु सम्झौतामा उल्लिखित BOQ केहि परिमार्जन गर्नुपर्ने अवस्था सृजना भएको हुँदा शुरु सम्झौतामा दायित्व थप नहुने गरी Variation Order-2 स्वीकृत गर्ने ।

५ अमेरिकी सहयोग संस्था पिस कोरबाट यस नगरपालिकाको लागि कृषि क्षेत्रसंग सम्बन्धित २ जना स्वयंसेवकहरु मिति सन् २०२६ जनवरी देखि अप्रिल २०२८ सम्म कार्यरत रहनेगरी स्वयंसेवक सेवा स्वीकृत गर्ने ।

६ यस नगरपालिकाको प्रमुख प्रशासकीय भवन अगाडि रहेका हाइटेन्सन तथा स्थानीय विद्युत लाईन स्थानान्तरण गर्ने तथा उक्त भवनका लागि आवश्यक विद्युत आपुर्ति गर्न विद्युतको प्रसारण लाइनदेखि ट्रान्सफर्मर सम्मको लाइन जडान गर्न चालु आर्थिक वर्ष २०८२।०८३ मा प्रमुख प्रशासकीय भवन निर्माण शिर्षकमा बिनियोजित बजेटमा बचत हुन आउने रकम (कन्टेन्जेन्सी समेत) बाट खर्च गर्नेगरी यथाशिघ्र कार्यसम्पन्न गर्ने ।

७ संघीय शसर्त अनुदान अन्तर्गत यसै नगरपालिका वडा नं. ६ अन्तर्गतको देविस्थान-महाजन डहर-नगर अस्पताल-नागढुंगा जोड्ने सडकका लागि २ वटा शिर्षकहरुमा रु ४० लाखको दरले बजेट प्राप्त भएकोमा उल्लिखित दुबै शिर्षक एउटै योजना भएकोले उक्त दुबै योजना एकिकृत गरी नियमानुसार खरिद प्रकृया अगाडि बढाउने ।

८ साइकलचोक पराजुलीको डहर, मल्याङ्दीखोला, सहिदचोक, चुचुनदेउराली सडक अन्तर्गत यसै नगरपालिका वडा नं. ३ को मल्याङ्दीखोला नजिकै खँदालेको घुम्तीनेर वर्षातको बाढीका कारण सडक भासिन गई लामो समय अवरुद्ध भएकोले उक्त सडक सञ्चालन गर्न ग्याविन, ह्यूम पाइप तथा खाडल पुर्ने काम सम्पन्न भएको हुंदा उक्त कार्यको प्राविधिक मुल्याङ्कन बमोजिम हुन आउने रकम विपद् व्यवस्थापन कोष शिर्षकबाट नियमानुसार भुक्तानी गर्ने ।

९ चालु आर्थिक वर्ष ०८२।०८३ मा नगरका बिभिन्न वडाहरुमा यातायात सुचारु गर्न बिभिन्न सडकहरुमा भएको आकस्मिक सडक मर्मतसम्भार कार्यमा नगरमा रहेका मेसिनबाट सम्भव नभएको तर यातायात शुचारु गर्न तत्काल सडक मर्मतकार्य गर्नुपर्ने भएकोले सो का लागि सम्वन्धित वडाहरुबाट माग भई आएका सडकहरु भाडाको मेसिनबाट मर्मतकार्य सम्पन्न गरिएकोमा उक्त कार्यको सम्वन्धित वडा कार्यालयको सिफारिस र प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन अनुसार आकस्मिक मर्मतसम्भार बजेट शिर्षकबाट सम्बन्धित उपभोक्ता समिति एवम् निर्माण व्यवसायी संस्थाको नाममा नियमानुसार भुक्तानी गर्ने ।

१० प्रधानमन्त्री रोजगार कार्यक्रमको मापदण्डलाई आधार मानी संघीय शसर्त बजेट र यस नगरको साझेदारी रकमबाट आन्तरिक रोजगारी सृजना/प्रवर्धन क्रियाकलाप नियमानुसार सञ्चालन गर्ने ।

११ फलेवास नगरपालिकाको नगर क्षेत्रभित्रको नदीजन्य पदार्थको उत्खनन्, संकलन, बिक्रि तथा निकासी शुल्क संकलन गर्न सत्रौं नगरसभाले तोके बमोजिम आय ठेक्का बन्दोबस्त गर्न मिति २०८२।०६।२९ र २०८२।०७।१८ मा २ पटक क्रमश: १५ र ८ दिने सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कुनै पनि दरभाउ पत्र पेश नभएको अवस्थामा राजस्व परामर्स समितिको २०८२।०७।२६ गतेको बैठकबाट सिफारिस भएअनुसार एवं गण्डकी प्रदेशको आर्थिक ऐन २०८२ मा भएको व्यवस्था बमोजिम आय ठेक्का नं. ०२-०८२।०८३ को लागि सत्रौं नगरसभामा तोकिएको दरमा १० प्रतिशत घटाई पुनः आय ठेक्का बन्दोबस्त गर्ने ।

१२ नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२।०६।०५ को निर्णय बमोजिम अर्थ मन्त्रालयद्वारा मिति २०८२।०६।०७ च.नं. १११ को पत्रमा उल्लिखित खर्च कटौति एवं मितव्ययिताका लागि उल्लेख भएका बिभिन्न विषयहरुमा भएको परिपत्र छलफल भई उक्त परिपत्रमा उल्लिखित स्थानीय तहसंग सम्वन्धित बिभिन्न विषयहरुमा अध्ययन गरी प्राथमिकताका आधारमा कार्यान्वयन गर्न सकिने तथा गर्नुपर्ने विषयहरुका बारेमा आगामी बैठकहरुमा पेश गरी निर्णय गर्ने ।

१३ यसै नगरपालिका वडा नं. ४ मुडिकुवास्थीत मुडिकुवा स्वास्थ्यचौकीको कम्पाउण्डभित्र रहेको २ थान विद्युत पोलका कारण सेवा लिन आउने बिरामीहरु जोखिममा परेको हुंदा उक्त पोल तत्काल स्थानान्तरण गर्न नेपाल विद्युत प्राधिकरण पर्वत वितरण केन्द्रलाई अनुरोध गर्ने ।

१४ मानव सेवा आश्रम बाग्लुङद्वारा असहाय सडक आश्रीत मानवहरुको आश्रय सेवाका लागि भवन निर्माणार्थ यहि मिति २०८२।०७।२१ देखि २०८२।०७।२८ गतेसम्म बाग्लुङमा आयोजना भइरहेको

महायज्ञका सन्दर्भमा उक्त आश्रमको पुर्वाधार निर्माणका लागि रु ५,११,१११।- (अक्षेरुपी पाँच लाख एघार हजार एक सय एघार) रुपैयाँ आर्थिक सहयोग गर्ने ।

१५ यस नगरपालिका वडा. नं ४ मुडिकुवास्थीत एकघरे तथा श्रीसुवा डील आपसापसको सार्वजनिक जग्गामा रहेका बरपिपलका रुखका हाँगाबिंगाका कारण स्थानीय बासिन्दाहरुका घर जोखिममा परेको र आवश्यकता अनुसार छटनी गर्ने भनी स्थानीय समुदाय, सर्वदलिय भेला तथा वडा कार्यालयबाट समेत निर्णय भइ डिभिजन वन कार्यालय पर्वतबाट अनुमती लिई छटनी कार्य गर्नुपरेका कारण उक्त रुखहरु कटान गर्नका लागि वडा कार्यालयको सिफारिस लगायत आवश्यक कागजातका आधारमा चालु वर्ष बिनियोजित 'संस्थागत सहयोग' शिर्षकबाट रु ५० हजार आर्थिक सहयोग प्रदान गर्ने । साथै मिति २०८२।०५।१३ देखि १५ गतेसम्म व्यवसायिक महिला क्लव पोखराको आयोजनामा खानीगाउँमा सञ्चालन भएको आँखा शिविरका लागि चालु वर्ष बिनियोजित 'संस्थागत सहयोग' शिर्षकबाट रु ५० हजार आर्थिक सहयोग प्रदान गर्ने ।

१६ यस फलेवास नगरपालिका वडा नं. १० स्थायी वतन भएका याम बहादुर नेपालीको श्रीमती माया नेपाली गम्भिर बिरामी भई अस्पतालमा उपचाररत रहेको हुँदा सम्वन्धित वडा कार्यालयको सिफारिस, सम्वन्धित व्यक्तिको माग निवेदन तथा आवश्यक कागजात समेतका आधारमा 'बिपन्न/बिरामी आर्थिक सहायता' शिर्षकबाट रु ५० हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गर्ने ।

१७ यस नगरमा रहेको जेसिवि (व्याक हु लोडर) बाट चालु आर्थिक वर्षको साउनदेखि हालसम्म नगरका विभिन्न वडाहरुमा भएका आकस्मिक मर्मत कार्यका क्रममा खर्च भएको इन्धनको रकम सम्वन्धित वडा कार्यालयको सिफारिस, प्राविधिक मुल्याङ्कन, सम्वन्धित फर्मको बिल, नगरवाट जारी भएका टोकन लगायतका आधारमा चालु वर्ष बिनियोजित 'व्याक हु लोडर सञ्चालन तथा व्यवस्थापन' शिर्षकबाट भुक्तानी दिने ।